एसईई दिएका विद्यार्थीलाई 'करिअर काउन्सिलिङ' । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेलः
bikaskhabar@gmail.com

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-३७ ● २०८१ चैत १८ गते सोमबार, ● 31 March, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरको मोक्ष धाम क्षेत्र विकास समितिको अध्यक्षमा कार्की



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको प्रसिद्ध शङ्खमूल परिसरमा मोक्ष धाम तिर्थ स्थल बनाउने उद्देश्यसहित क्षेत्र विकास समितिको तदर्थ समिति गठन भएको छ। १४ चैतमा थाहा नगरपालिका वडा नम्बर ३ को तरकारी संकलन केन्द्रमा भएको भेलाले गुप्त बहादुर कार्कीको अध्यक्षतामा २५ सदस्यीय 'मोक्ष धाम तिर्थ स्थल क्षेत्र विकास समिति'को तदर्थ समिति गठन भएको हो ।

समितिको महिला उपाध्यक्षतर्फ रिता कार्की, खुल्ला उपाध्यक्षमा कमल कुमार केसी, कोषाध्यक्षमा प्रदिप प्रधान तथा सचिवमा अनिल लामिछाने चयन भएका छन् । समितिको सदस्यहरूमा जानुका ढकाल, कविता कार्की, रामप्रसाद ढकाल, कृष्ण कुमार कार्की, मिरा भट्ट, यादवजंग रायमाझी, राधिका रायमाझी, राम बहादुर खत्री, सुस्मा केसी, रमन श्रेष्ठ, निरोज प्रधान, विक्रम गोपाली, अजय कार्कीलगायत अन्य सदस्य छन् ।

विश्वकै तीन शङ्खमूल मध्येको एक यहि शङ्खमूल भएको धार्मिक इतिहास बोकेको शङ्खमूल परिसरमा मोक्ष धाम निर्माणका लागि विभिन्न पूर्वाधार विकास गरी पालिकालाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने नगर पालिकाको लक्ष्य रहेको छ । समिति गठनका लागि १४ चैतमा भएको भेलामा थाहा नगर पालिकाका प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानलगायतकाको विशेष उपस्थिती रहेको थियो ।

क्षेत्र विकास समितिको संरक्षकमा नगर प्रमुख तथा उपप्रमुख रहने बताइएको छ ।

# विद्यालयको मिचिएको जग्गा पालिकाको पहलमा फिर्ता



शिव कुमार काशी
मनहरी

मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर ८, सिमपानीस्थित महेन्द्रकिरण माध्यमिक विद्यालयको मिचिएको जग्गा स्थानीय सरकारको पहलमा फिर्ता हुन थालेको छ। विद्यालयको नाममा दर्ता कायम रही लालपुर्जा कायम रहेको पाँच बिघा १७ कट्ठा जग्गा विद्यालयका सँधियारले अतिक्रमण गरी घरजग्गा र भौतिक संरचना बनाएको पाइएको हो। पूर्वपश्चिम राजमार्गको सिमपानीबाट देवकोट हुँदै राक्सिराङ र कैलाश गाउँपालिकातर्फ जाने पक्की सडक निर्माणका क्रममा विद्यालयले अमिन खटाएर जग्गा नापेको हो ।

जग्गा नाप्ने क्रममा हाल उक्त सडकमा निर्माण भएका अधिकांश स्ल्याब ढलान नै विद्यालयको जग्गामा परेको भेटिएको मनहरी गाउँपालिका-८ का वडाध्यक्ष नारायण उप्रेतीले बताए । "लामो समयदेखि उपभोग गर्दै आइरहेको जग्गा हटाउन निकै समस्या पर्‍यो," वडाध्यक्ष उप्रेतीले भने, "कैयौँका घरटहरा आधाआधी काटेर अहिले सडक विस्तार गरिएको छ।" विद्यालयले आफ्नो जग्गा नापेर सीमाङ्कन गर्दा व्यक्तिका जग्गातर्फ बाटो पुगेको र पुरानो बाटो विद्यालयको जग्गा बनेको वडाध्यक्ष उप्रेतीले बताए ।

विद्यालयको पूर्वतर्फ र उत्तरतर्फका दुई वटा सडकमा गरी झन्डै ३० वटा घरटहरा बाटोमा परेको उनको भनाइ छ । बाटामा परेका घरटहरालाई नक्साङ्कन र सीमाङ्कन नभन्दा बाहिर पुनर्निर्माण गर्न स्वयम् व्यक्तिकै अगुवाइमा भत्काउने काम भइरहेको छ । पश्चिम मकवानपुरकै पुरानो हाइस्कुलका रूपमा महेन्द्रकिरण माध्यमिक विद्यालय अस्तित्वमा छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्षसमेत रहनुभएका वडाध्यक्ष उप्रेतीले आफ्नो कार्यकालमा चुनौतीका बिच विद्यालयको जग्गा छुट्याउनका लागि कुनै पनि सम्झौता नगरिएको बताए ।

विद्यालयको आर्थिक व्यवस्थापनका लागि राजमार्गसँग जोडिएका जग्गामा व्यावसायिक भवन निर्माण गरी भाडामा लगाइएको र तत्कालै विद्युतीय सवारी चार्जिङ स्टेसनसमेत निर्माण गर्ने लक्ष्यका साथ काम अघि बढिरहेको उनले बताए। चार्जिङ स्टेसन निर्माणका लागि चालु आर्थिक वर्षमा नै मनहरी गाउँपालिकाले १० लाख रूपियाँ विनियोजन गरिसकेको छ। कक्षा १२ सम्म अध्यापन भइरहेको महेन्द्रकिरण माध्यमिक विद्यालयमा आठ सयको हाराहारीमा विद्यार्थी छन् भने स्रोतका आधारमा सबैभन्दा धनी विद्यालयका रूपमा रहेको छ ।

## भीमफेदीका १९९ श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकाले अनौपचारिक क्षेत्रका १९९ जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरेको छ ।

गत आर्थिक वर्षदेखि आरम्भ भएको अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने अभियानअन्तर्गत हालसम्म १९९ श्रमिकलाई कोषमा आबद्ध गराइएको गाउँपालिकाका अध्यक्ष हिदम लामाले जानकारी दिए । अभियानअन्तर्गत अनौपचारिक क्षेत्रका श्रमिकका लागि तोकिएको मासिक रू १० हजार ८२० पारिश्रमिकबाट ११ प्रतिशत अर्थात् एक हजार एक सय ८० र गाउँपालिकाले एक हजार १४ गरी रू. दुई हजार २०४ सामाजिक सुरक्षा कोषमा जम्मा हुने व्यवस्था मिलाइएको उनले बताए ।

कोषमा श्रमिकलाई आबद्ध गराउन चालु आवमा रू. २५ लाख विनियोजन गरिएको छ ।

## चित्लाङ चन्द्रगिरि सडकका लागि ठेक्का आव्हान

◆ विकास संवाददाता

थाहा नगरपालिकालाई काठमाण्डौं जोड्ने सबैभन्दा छोटो दूरिको बाटो थानकोट-चित्लाङ सडक स्तरीकरणको लागि थप २५ करोड रूपैयाँको ठेक्का आव्हान गरिएको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ अन्तर्गत यसअघि नै १५ करोड बराबरको ठेक्का लागिसकेको यो सडकमा हाल ११ सय मिटर पिच, मोड काट्ने, नाली बनाउने, पर्खाल बनाउनेलगायत निर्माणकार्य भइरहेको छ ।

आर्थिक वर्ष २०८१/८२ का लागि थप २५ करोडको ठेक्का आव्हान गरिएको हो ।

ऐतिहासिक थानकोट- चित्लाङ सडक खण्डमा वर्षेनी बजेट विनियोजन हुने गरेको भएपनि ठेकेदारको लापरबाही, स्थानीय तहको उचित नियमनको अभाव र प्राकृतिक स्रोतको चरम दोहनले यो सडक सीमित व्यक्तिहरूको कमाई खाने भाँडोको रूपमा प्रयोग हुँदै आएको आरोप लगाइएको छ ।

क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ।

## • सम्पादकीय •

# गुणस्तरीय शिक्षाका केही सवाल

नेपालमा सदावहार रूपमा नीति निर्मातादेखि शिक्षक, अभिभावक र विद्यार्थीले रटान लगाउँदै आएको एउटै कुरा हो, गुणस्तरीय शिक्षा । यसको मापनका बारेमा मापदण्ड के हो ? यसमा भने व्यक्ति अनुसार फरक फरक परिभाषा हुने गरेका छन् । व्यक्ति, समाज र राष्ट्रको जीवनमा गुणस्तरीय शिक्षाले सकारात्मक प्रभाव पार्ने भन्दै अनेकानेक बहस र छलफल भइरहेका हुन्छन् । गुणस्तरीय शिक्षाका बारेमा जसरी एकरूपताका साथमा आवाज मुखरित हुने गरेका छन् तर यसको मानक अर्थका बारेमा भने भिन्नाभिन्नै तर्क, विश्लेषण र व्याख्या सुनिँदै आएको छ । कतिपयले सिपसहितको शिक्षालाई गुणस्तरीय शिक्षाका रूपमा चित्रण गर्ने गरेका छन् भने कतिपयले विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शिक्षालाई गुणस्तरीय शिक्षा मान्ने गरेका छन् । घरगाउँका लागि आवश्यक समस्या समाधान गर्न सक्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो भनेर कतिपयले परिभाषित गरेका छन् । गुणस्तरीय शिक्षाका बारेमा रटान लगाउन जति सहज छ, यसको मानक परिभाषा निर्माण गर्न त्यति सहज पक्कै पनि छैन

गुणस्तरीय शिक्षा स्पष्ट र मापनयोग्य सिकाइ परिणाम प्राप्त गर्न केन्द्रित हुन्छ । यी नतिजाले शैक्षिक उपलब्धि मात्र नभई आलोचनात्मक सोच, समस्या समाधान, रचनात्मकता र अन्य सान्दर्भिक सिपको विकासलाई पनि प्रतिविम्बित गर्नु पर्छ । यसरी प्राप्त भएको ज्ञानको परिणामसमेत देखिने खालको हुनु पर्छ । गुणस्तरीय शिक्षाका लागि विषय विशेषज्ञता र शैक्षिक सिप भएका राम्रो, योग्य र उत्प्रेरित शिक्षक चाहिन्छ । तिनीहरूसँग पाठ्यक्रमको गहिरो बुझाइ हुनु पर्छ, प्रभावकारी शिक्षण विधिहरू प्रयोग गर्नु पर्छ र विद्यार्थीलाई सिकाइ प्रक्रियामा संलग्न गराउन सक्षम हुनु पर्छ । विद्यार्थीले सिकाइका क्रममा नबुझेका विषयलाई सिक्न उत्प्रेरित गर्नु पर्छ । हामीकहाँ विद्यार्थीले बुझेन भने उसको मानसिक अवस्थाको कमजोरीका रूपमा लिँदै 'यसको दिमाग नै छैन' भन्ने खालका उक्ति दिने प्रवृत्ति छ । गुणस्तरीय शिक्षाका लागि शिक्षकले विद्यार्थीको कमजोरीको सही उपचार गर्ने गरी उत्प्रेरित गर्नु पर्छ । गुणस्तरीय शिक्षाका लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्डसँग मिल्दोजुल्दो राम्रोसँग डिजाइन गरिएको र अपटुडेट पाठ्यक्रम आवश्यक छ । पाठ्यक्रम बृहत्, सन्तुलित र ज्ञानको व्यावहारिक प्रयोगका लागि अवसर प्रदान गर्ने हुनु पर्छ । गुणस्तरीय शिक्षाले समावेशी अभ्यासलाई प्रवर्धन गर्छ । सबै विद्यार्थीको क्षमता, पृष्ठभूमि वा सामाजिक–आर्थिक स्थितिलाई ध्यान नदिई शिक्षामा समान पहुँच छ भन्ने सुनिश्चित गरियो भने त्यसले सिकाइमा अवरोध सिर्जना गर्छ । समावेशी शिक्षाका लागि विविध सिकाइ आवश्यकता मिलाउने, उपयुक्त समर्थन प्रणाली उपलब्ध गराउने र सुरक्षित तथा समावेशी सिकाइ वातावरणलाई बढावा दिनु पर्दछ । हामीले सबै वर्ग, समूहलाई एउटै प्रणालीमा राखेर शिक्षा प्रदान गर्न थाल्यौँ भने त्यसले सीमित समूहलाई मात्रै मुनाफा पुग्ने देखिन्छ । सबैलाई समान ढङ्गले सम्बोधन गर्नका लागि समावेशी शिक्षा नै आजको आवश्यकता हो ।

गुणस्तरीय शिक्षाका लागि कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला र प्राविधिक स्रोत जस्ता पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था हुनु पर्छ । पूर्वाधारबिना सिकाइले पूर्णता नलिनुका साथै गुणात्मकता पनि प्राप्त गर्न सक्दैन । विद्यालयमा प्रभावकारी शिक्षण र सिकाइलाई समर्थन गर्ने सुविधा राम्रोसँग राख्नु पर्छ । थप रूपमा पुस्तक, शैक्षिक सामग्री र डिजिटल उपकरणसहित सान्दर्भिक सिकाइ स्रोतमा पहुँच आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# वैदेशिक रोजगारका कारण घरबार टुट्न नदिन के गर्ने ?



◆ शोभा अधिकारी

अहिले हाम्रो देशका लाखौँ युवाहरू वैदेशिक रोजगारको क्रममा मातृभूमि छोडेर अर्को देशमा गइरहेका छन् । वैदेशिक रोजगारकै क्रममा गएका कतिपय युवायुवतीहरू त विदेशमै बस्न थालेका छन्। यो स्थिति हेर्दा अबको केही दशकपछि नेपाल कतै वृद्धहरूको मात्र देश हुने त होइन भन्ने चिन्ता पनि देखिन थालेको छ । तथापि, वैदेशिक रोजगारीमा जानु युवाहरूको बाध्यताजस्तै देखिन्छ । किनकि देशमा रोजगारीको अभाव छ । रोजगारमुखी बजार छैन । स्थानीय उत्पादन बढ्न सकेको छैन ।

वैदेशिक रोजगारीमा युवाहरूको आकर्षणका अनेकौँ कारण छन् । देशभित्रै आर्थिक अवसर प्राप्त भएकाहरू पनि विदेशी जीवनशैलीमा चासो, नयाँ अनुभवको खोजी, पारिवारिक र सामाजिक देखासिकी, आर्थिक गतिशीलताजस्ता कारणले विदेश गइरहेका छन् । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०७९/८० मा ७ लाख ७१ हजार ३२७ जना नेपाली श्रमिकहरूले श्रम स्वीकृति लिएर विदेश गएका छन्, जुन अहिलेसम्मकै उच्च संख्या हो। यसअघि आर्थिक वर्ष २०७१/७२ मा ६ लाख ९३ हजार ३२ जना श्रमिक विदेश गएका थिए, जुन त्यसबेलाको उच्चतम रेकर्ड थियो ।

वैदेशिक रोजगारीमा जाने प्रमुख गन्तव्य देशहरूमा मलेसिया, साउदी अरब, कतार, संयुक्त अरब एमिरेट्स (यूएई), कुवेत, ओमान, बहराइन, र दक्षिण कोरिया रहेका छन्। पछिल्लो समय, क्रोएसिया, पोल्यान्ड, र रोमानियाजस्ता युरोपेली देशहरूमा पनि नेपाली श्रमिकहरूको संख्या बढ्दो क्रममा छ । वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या बढेसँगै रेमिट्यान्स आप्रवाहमा पनि वृद्धि भएको छ । गत आर्थिक वर्षको जेठ महिनासम्म रेमिट्यान्स आप्रवाह २२.७ प्रतिशतले बढेर ११ खर्ब १२ अर्ब ५२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो रकम १० खर्ब ७ अर्ब थियो । वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या र रेमिट्यान्स आप्रवाह दुवैमा वृद्धि हुँदा त्यसले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ । तर, आर्थिक लाभका अलावा वैदेशिक रोजगारीले पारिवारिक विखण्डन र अनेकौँ समस्याहरू पनि निम्त्याइरहेको छ। जसको प्रभाव व्यक्तित्व, मनोविज्ञान र समाजमा समेत परेको देखिन्छ । नेपालबाट वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकहरूको मृत्यु दर चिन्ताजनक रूपमा उच्च छ। पछिल्ला वर्षहरूमा मृत्यु हुनेहरूको संख्या हरेक वर्ष १,००० देखि १,५०० को बीचमा रहेको छ । उदाहरणका लागि, आर्थिक वर्ष २०७८/७९ मा झण्डै १,५०० नेपाली श्रमिकहरूले ज्यान गुमाएका थिए ।

वैदेशिक रोजगार बोर्डको तथ्याङ्क अनुसार, आर्थिक वर्ष २०६५/६६ देखि २०८१/८१ सम्ममा १३,२७० नेपाली श्रमिकहरूको मृत्यु भएको छ । मृत्युका प्रमुख कारणहरूमा हृदयाघात, सवारी दुर्घटना, आत्महत्या, कार्यस्थल दुर्घटना र विभिन्न रोगहरू रहेका छन् । विशेषगरी, हृदयाघात र मुटुका रोगका कारण मृत्यु हुनेहरूको संख्या उल्लेखनीय छ ।

### पारिवारिक तनाव र नकारात्मक प्रभाव

विदेशबाट पठाइने रेमिटेन्सले परिवारमा आर्थिक बोझ कम गर्न मद्दत गर्छ । यो पैसा बालबच्चाको शिक्षा, स्वास्थ्य र अन्य आवश्यकताहरूमा लगानी गर्न प्रयोग हुन्छ । तर, यस पैसाको दुरूपयोगले पारिवारिक समस्याहरू निम्त्याउन सक्छ। केही अवस्थामा श्रीमान विदेश हुँदा श्रीमतीले अन्य केटासँग सम्बन्ध बनाउन सक्छन्, र त्यस्तै श्रीमती विदेश हुँदा, श्रीमानले पनि अर्की केटीसँग सम्बन्ध बनाउने अर्थात् विवाहेतर सम्बन्धका कारण अनावश्यक फजुल खर्च गर्न सक्छन् ।

यसले पारिवारिक तनाव र हिंसालाई निम्त्याउने जोखिम पनि बढाउँछ। व्यस्त जीवन, टाढाको बसाइ र समय दिन नसक्दा एकआपसमा असमझदारी बढ्न सक्छ । त्यसैगरी शंका गर्ने बानीले पनि विवाहित जोडीमा झैझगडा, द्वन्द्व र मनमुटाव हुन सक्छ र अन्त्यमा प्रतिशोध र आत्मसम्मानमा चोट पुगेको, भावना नबुझेको, अनावश्यक शंका गरेको, आफूलाई अनावश्यक नियन्त्रण गर्न खोजेको, मानसिक यातना दिएको र हिंसा गरेको आदि कारण देखाएर परिवार नै विखण्डन वा छोडपत्र गर्न पुग्छन् । यसो गर्दा विवाहित जोडीलाई मात्र असर नपरी उनीहरूबाट जन्मेका बच्चा, आश्रित वृद्ध बाबुआमालाई समेत असर पर्छ । छोडपत्र अहिले गम्भीर सामाजिक समस्याको रूपमा देखा परेको छ । यस समस्याको विषयमा बेलैमा ध्यान दिनु आवश्यक छ। कुनै ठाउँमा त छोडपत्र माग्दा भयानक हिंसा र हत्याका घटना पनि भइरहेका छन् ।

### सम्बन्धविच्छेद र यसको प्रभाव

सम्बन्धविच्छेदले व्यक्तिगत र सामाजिक जीवनमा गहिरो प्रभाव पार्न सक्छ। यसका केही मुख्य प्रभावहरू निम्नलिखित छन्ः

**भावनात्मक असरः** सम्बन्धविच्छेदले व्यक्ति भावनात्मक रूपमा दुःखी, उदास, वा चिन्तित बनाउन सक्छ। यो स्थितिले व्यक्ति र भावनात्मक स्वास्थ्यमा गम्भीर प्रभाव पार्न सक्छ ।

**सामाजिक प्रभावः** सम्बन्धविच्छेदपछि सामाजिक दायरामा परिवर्तन आउन सक्छ । साथीहरूसँगको सम्बन्धमा तनाव वा टाढापन उत्पन्न हुन सक्छ ।

**स्वास्थ्यमा असरः** तनाव र दुःखका कारण शारीरिक स्वास्थ्यमा पनि समस्या देखा पर्न सक्छ। अनिद्रा, खानामा परिवर्तन, वा मानसिक स्वास्थ्यमा गिरावट ।

**आत्मसम्मानमा कमीः** सम्बन्धविच्छेदपछि व्यक्तिको आत्मसम्मानमा कमी आउँदा पारिवारिक विश्वास र सम्बन्धमा अवरोध उत्पन्न गर्न सक्छ ।

**जीवनशैलीमा परिवर्तनः** व्यक्तिले नयाँ चासो र गतिविधिहरूमा ध्यान दिन थालेको पनि देख्न सकिन्छ, जसले नयाँ समस्याहरू सिर्जना गर्न सक्छ । आमाबुवाको छोडपत्रपछि छोरा–छोरीमाथि विभिन्न प्रकारका असर पर्न सक्छन् । यी असरहरू बच्चाको उमेर, व्यक्तित्व, पारिवारिक अवस्था र छोडपत्रपछि अभिभावकले गर्ने व्यवहारमा निर्भर हुन्छन् । प्रमुख असरहरू निम्न छन्ः

- बच्चाहरूले स्थायी रूपमा परिवार गुमाएको महसुस गर्न सक्छन् ।
- उनीहरूले आफूलाई असुरक्षित र कमजोर महसुस गर्न सक्छन् ।
- केही बच्चाहरू छोडपत्रका लागि आफू जिम्मेवार भएको सोच्न सक्छन् ।
- बच्चाहरूको पढाइप्रतिको चासो घट्न सक्छ ।
- ध्यान केन्द्रित गर्न गाह्रो हुन सक्छ, जसले उनीहरूको शैक्षिक उपलब्धिमा असर पुऱ्याउन सक्छ ।
- बच्चाहरू साथीभाइसँग टाढा हुन सक्छन् ।
- समाजसँग घुलमिल गर्न गाह्रो अनुभव गर्न सक्छन् ।
- केही अवस्थामा, उनीहरू आक्रामक वा एक्लोपन महसुस गर्न सक्छन् ।
- अभिभावक वा अन्य वयष्कहरूप्रति विद्रोही व्यवहार हुन सक्छ ।
- बच्चाहरू भविष्यमा अरूसँग भावनात्मक रूपमा नजिक हुन कठिन मान्न सक्छन् ।
- तनाव, डिप्रेसन र चिन्ताजन्य समस्या विकसित हुन सक्छ ।
- तनावका कारण निद्रामा समस्या, टाउको दुख्ने, पेट दुख्नेजस्ता लक्षण देखिन सक्छन् ।
- यदि छोडपत्रपछि परिवारको आर्थिक अवस्था बिग्रन्छ भने बच्चाहरूलाई आधारभूत आवश्यकतामा समस्या हुन सक्छ ।

*यस्ता समस्या देखिए बालबालिकाहरूलाई सहयोग गर्न निम्न उपाय अपनाउन सकिन्छः*

*-खुला संवादः* बच्चाहरूलाई छोडपत्र बारे स्पष्ट, उनीहरूको उमेरअनुसार बुझ्न सक्ने भाषा प्रयोग गरेर जानकारी दिनु आवश्यक छ ।

*-प्रेम र समर्थनः* दुवै अभिभावकले बच्चाहरूलाई माया गर्न र उनीहरूसँग समय बिताउनुपर्छ ।

*-परामर्श सेवाः* मानसिक स्वास्थ्य समस्या भएमा थेरापिस्ट वा काउन्सिलरसँग परामर्श लिनु लाभदायक हुन्छ ।

*-स्थिर वातावरणः* बच्चाहरूलाई सुरक्षित, स्थिर, र सकारात्मक वातावरण प्रदान गर्न आवश्यक छ ।

छोडपत्र बच्चाहरूको जीवनमा चुनौतीपूर्ण अनुभव हुन सक्छ । तर, अभिभावकले सचेत प्रयास गरेमा यस कठिनाइलाई सम्हाल्न बच्चाहरूलाई सहयोग गर्न सकिन्छ, जसले उनीहरूको दीर्घकालीन विकासलाई सकारात्मक दिशामा लैजान सक्छ । त्यसैगरी छोरा र

*बाँकी पेज ३ मा*

## वैदेशिक रोजगारका.....

बुहारीको छोडपत्रपछि वृद्ध बाबु-आमामा विभिन्न प्रकारका मानसिक, सामाजिक र आर्थिक असर पर्न सक्छ। यसलाई केही बुँदामा यसरी हेर्न सकिन्छः

**-भावनात्मक तनावः** छोराछोरीको वैवाहिक जीवन टुट्नुले वृद्ध बाबु-आमाको मानसिक स्वास्थ्यमा गहिरो असर पार्न सक्छ । उनीहरूलाई छोराछोरीको भविष्यप्रति चिन्ता हुन्छ ।

**-एकान्तपनको भावनाः** परिवारमा अस्थिरता आएपछि वृद्ध अभिभावकहरूले आफैंलाई एक्लो र परित्यक्त महसुस गर्न सक्छन् ।

**-दुःख र अपराधबोधः** यो घटनाका कारण कतिपयले आफूलाई दोष दिने, 'मैले केही गल्ती गरें कि?' भन्ने भावना उत्पन्न हुन सक्छ ।

**-समाजमा लज्जा र आलोचनाः** परम्परागत समाजमा छोडपत्रलाई नकारात्मक दृष्टिकोणले हेर्ने भएकाले वृद्ध अभिभावकले सामाजिक दबाब र आलोचना सामना गर्नुपर्ने हुन सक्छ ।

**-पारिवारिक सम्बन्धमा कटौतीः** छोडपत्रपछि परिवारका अन्य सदस्यहरूसँग सम्बन्ध बिग्रन सक्छ ।

**-आर्थिक बोझः** छोडपत्रपछि छोरा वा नातिनातिनाको पालनपोषणको जिम्मेवारी वृद्ध बाबु-आमाले लिनुपर्ने परिस्थिति सिर्जना हुन सक्छ ।

**-आर्थिक असुरक्षाः** यदि छोरा/बुहारी अलग्गै बस्न थाले र आर्थिक रूपमा वृद्ध अभिभावकलाई सहयोग गर्न नसके, उनीहरूको जीवन थप कठिन बन्न सक्छ ।

**-नातिनातिनाको हेरचाहः** छोडपत्रपछि धेरैजसो अवस्थामा नातिनातिनाको पालनपोषणको जिम्मेवारी वृद्ध बाबु-आमामा आइपर्न सक्छ ।

**-गृहस्थीको अस्थिरताः** घरको वातावरणमा स्थायित्वको कमीले वृद्ध अभिभावकलाई तनावपूर्ण बनाउँछ ।

### यस्तो अवस्थामा अपनाउनु पर्ने उपाय

*-भावनात्मक सहयोगः* छोराछोरीलाई निर्णयप्रति साथ दिनु र उनीहरूसँग कुरा गरेर भावनात्मक सम्बन्ध बलियो बनाउनुपर्ने हुन्छ ।

*-सामाजिक समर्थनको खोजीः* नजिकका साथी, छिमेकी, वा परामर्शदाताबाट सहयोग लिन सकिन्छ ।

*-आर्थिक योजना निर्माणः* वृद्धावस्थाका लागि आवश्यक आर्थिक स्रोत सुनिश्चित गर्न योजना बनाउनु आवश्यक हुन्छ ।

*-नातिनातिनाको भविष्यप्रति ध्यान दिनेः* उनीहरूको पालनपोषण, शिक्षा, र मानसिक स्वास्थ्यप्रति संवेदनशील हुनु जरूरी छ ।

वृद्ध बाबु-आमाले यो समय धैर्य र सामूहिक सहयोगको माध्यमबाट समाधान गर्नुपर्छ। पारिवारिक समस्या भए पनि सबैलाई मन मिलाएर अघि बढ्न प्रेरित गर्नुपर्छ । सम्बन्ध विच्छेद गर्ने व्यक्तिहरूलाई पनि सामाजिक वातावरणसँग जुध्नको लागि, मनोवैज्ञानिक सहयोग, मित्रको समर्थन र सकारात्मक गतिविधिमा संलग्न हुन सके राम्रो हुन्छ ।

### पारिवारिक विखण्डन रोक्न के गर्ने?

पारिवारिक विखण्डन र सम्बन्ध विच्छेदलाई रोक्नका लागि निम्न उपायहरू अपनाउनु पर्छः

*संवाद र सञ्चारः* परिवारका सदस्यहरूबीच नियमित र खुला सञ्चार ले विश्वास र समर्पणको भावना बढाउँछ। भिडिओ च्याट, फोन कल र चिठीपत्रको आदान-प्रदानले एकअर्कासँग भावनात्मक रूपले नजिक बनाउँछ ।

*आर्थिक साक्षरताः* परिवारका सदस्यहरूलाई पैसाको व्यवस्थापनमा साक्षर बनाउन आवश्यक छ। यसले पैसाको सही प्रयोगमा मद्दत पुर्‍याउँछ र दुरूपयोग रोक्न सक्छ ।

*सामाजिक चेतनाः* पारिवारिक समस्या बारे जागरूकता फैलाउन आवश्यक छ । समाजका विभिन्न तहमा वैदेशिक रोजगारीका नकारात्मक प्रभावहरू र तिनका समाधानका बारेमा चर्चा गर्नुपर्छ ।

*कानुनी संरचनाः* पारिवारिक विवादहरूको समाधानका लागि विशेष कानुनी संरचना र नीति बनाउनुपर्छ। यसले पारिवारिक अधिकार र दायित्वहरूको संरक्षणमा मद्दत पुर्‍याउँछ ।

*पारिवारिक कार्यक्रमः* विभिन्न चाडपर्व र पारिवारिक गतिविधिहरूमा सहभागिता बढाउनुपर्छ। यसले परिवारका सदस्यहरूलाई एकसाथ ल्याउने अवसर दिन्छ र सम्बन्धलाई मजबुत बनाउँछ ।

वैदेशिक रोजगारले नेपाली युवाहरूलाई आर्थिक स्थिरता प्रदान गर्न सक्छ, तर यसले पारिवारिक विखण्डनको समस्यालाई पनि निम्त्याइरहेको छ । यसलाई रोक्नका लागि समाज, परिवार र सरकारले मिलेर प्रयास गर्नुपर्छ। पारिवारिक सम्बन्ध र भविष्यका पिढीको भलाइका लागि सहकार्यको महत्त्वलाई बुझ्न आवश्यक छ ।

यसो गर्दा हामी नेपाली समाजको विकास र समृद्धिमा योगदान पुर्‍याउन सक्छौं र भविष्यका चुनौतीहरूलाई सामना गर्न सक्षम हुनेछौं। पारिवारिक मिलन र सम्बन्धलाई मजबुत बनाउनका लागि दिगो उपायहरू लागू गर्न अनिवार्य छ। सबै परिवार सँगै मिलेर बर्सौं, स्वस्थ, सुखमय र खुसीमय जीवन बिताऔं भन्ने मानवीय भावना हामी सबैमा जागृत गर्नु पर्छ। तब मात्र पारिवारिक विखण्डन रोक्न सकिन्छ ।

# मान्छेः जति धनी हुँदै गए, उतिनै रोगी भए

२०-२५ वर्षको अन्तराललाई मात्रै हेर्ने हो भने पनि नेपालीहरूमा सम्पन्नता धेरै आएको देखिन्छ । घर, बाटोघाटको अवस्था फेरिएको छ । गाउँमा बस्ने धेरैजना शहरमा बस्न थालेका छन् । सवारी साधनको संख्या धेरै बढेको छ । घरमा व्यक्ति पिच्छेका गाडी, बाइकहरू छन् ।

पहिला भन्दा मान्छेसँग खल्तीमा पैसा हुनथालेको छ । घुम्ने चलन बढेको छ । होटेलहरू धेरै खुलेका छन् । विदेश जाने चलन बढेको छ । हामीसँग केही सम्पन्नता आयो । ३-४ दशक पहिलाजस्तो लँगौटी मात्रै लगाएर हिँड्ने मान्छे अहिले भेटिँदैन । एक खालको समृद्धि आएको छ । मान्छेको जीवन, दैनिकी सहज भएको छ ।

सम्पन्नता र समृद्धि त आयो अनि यो सँगसँगै रोग पनि आयो । त्यही अनुसार को जीवनयापन हुनथाल्यो । आयातीत, प्रशोधित खानाहरू खान थाल्यौं । पहिला हामी आफ्नै खेतबारीमा उत्पादन भएका ताजा खानेकुरा खान्थ्यौं । अहिले सबै खानेकुरा बजारबाट किनेर खाइरहेका छौं । प्रशोधित खाना बढी खाइरहेका छौं, जुन गुणस्तरयुक्त र स्वस्थ छन् कि छैनन् भनेर जाँच गरिएका हुँदैनन् ।

हामी केटाकेटी हुँदा स्कुल आधा घण्टा जति हिँडेरै गइन्थ्यो । अझ मेरा साथीहरू त एक/डेढ घण्टासम्म हिँडेर स्कुल आउँथे । अहिले हाम्रा बच्चाबच्चीलाई घर को ढोकैबाट बसमा स्कुल पठाउँछौं ।

हामी १०-१५ मिनेटमा हिँडेर पुग्ने ठाउँमा तरकारी किन्न पनि गाडी लिएर जान्छौं । मेरो घरनजिकै मार्ट छ, जहाँ १५ मिनेट जतिमा हिँडेर पुगिन्छ तर म गाडी लिएर किनमेल गर्न जान्छु ।

पहिला-पहिला मान्छेहरू एक ठाउँबाट अर्को ठाउँमा हिँडेरै जान्थे, अहिले नजिकै जान पनि गाडी चढ्नैपर्छ भन्ने भएको छ । हामीले थाहा पाउँदा काठमाडौंमै पनि धेरै मान्छेहरू एक घण्टासम्मको दूरीमा हिँडेरै यात्रा गरिरहेका हुन्थे । त्यो अब छैन ।



सम्पन्नतासँगै हाम्रो जीवनशैलीमा आएको यस खालको परिवर्तनले हाम्रो शारीरिक व्यायमलाई खुम्च्यायो अनि हामीलाई रोगी बनायो । पहिला नियमित काम गर्दा नै शारीरिक परिश्रम भइरहेको हुन्थ्यो । त्यही खालको जीवनशैली अहिले पनि हुन्थ्यो भने, आधा घण्टा हौडिनुपर्छ, जिम जानुपर्छ, पसिना निस्किने गरी कसरत गर्नुपर्छ भन्ने जस्ता प्रसंग नै आउँदैन्थ्यो ।

कोही मान्छे कुनै शारीरिक श्रम नगरीकन लाउन, खान पाइरहेको छ भने उसको जीवन कति राम्रो छ, सुखी छ भन्ने बुझाइ समुदायमा छ । कडा शारीरिक परिश्रम गर्नेहरूलाई उपेक्षा गर्ने, उसले समाजमा सम्मान नपाउने गरेको हामीले देख्छौं ।

समाजमा पनि मोटो मान्छे भयो भने, वा ठूलो भुँडी भयो भने त्यसलाई हुनेखाने र सम्पन्न मान्ने प्रचलन थियो । कतिपय अवस्थामा अझै पनि छ । बिस्तारै मान्छेले बुझ्दै जान थालेको छ, कि ठूलो भुँडी भनेको सम्पन्नताको प्रतीक होइन रोगको भकारी हो ।

सपन्नता र सुखका बारेमा समाजमा जुन खालको दृष्टिकोण छ, त्यो बदल्ने बेला भएको छ ।

सम्पन्नता र सुखी जीवनका लागि चाहिने पहिलो कुरा त स्वस्थ शरीर हो नि । सम्पन्नतासँगै भित्रिएका रोगबाट बच्न हामीले खानपान र जीवनशैलीमा विशेष ध्यान दिनैपर्छ ।


नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लब, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर


## थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# हेटौंडाका रमेशले भाउजु मारे, दाइ घाइते बनाए

◆ विकास संवाददाता

हेटौंडामा खुकुरी प्रहारबाट ३५ वर्षीया महिलाको हत्या भएको छ । उनलाई आफ्नै देवरले धारिलो हतियार प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । ६ चैत्र राति ९ बजे हेटौंडा उपमहानगरपालिका-१ चौकीटोल घर भएकी गुडिया दास घरको दोस्रो तलामा मृत भेटिएकी थिइन् ।

साढे २ तले घरको दोस्रो तलामा कोठाभित्र टाउको चोट लागेको अवस्थामा गुडिया मृत अवस्थामा फेला परेको प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।घटनामा उनका कान्छा देवर २३ वर्षीय राहुल भनिने रमेश दास संलग्न रहेको आरोपमा प्रहरीले उनलाई हातमा खुकुरी बोकेकै अवस्थामा पक्राउ गरेको छ । राहुलले आफ्नो माइलो दाजु २८ वर्षीय रूपेश दासलाई पनि खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको डिएसपी अर्यालले जानकारी दिए । घाइते रूपेशको टाउको, दाहिने हात, करङको भागमा चोट लागेको अर्यालले बताए । उनको मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको छ । रूपेश घाइते भएको खबर पाएर दासको घर पुगेको प्रहरीले माथिल्लो तलाम महिला मृत अवस्थामा रहेको थाहा पाएको थियो ।

मृतक गुडियाको श्रीमान् रोशन दास रोजगारीका लागि कतारमा रहेको प्रहरीले जनाएको छ । गुडिया र रोशनका तीन सन्तान रहेका छन् ।दास परिवारले हेटौंडामा फलफूलको व्यवसाय गर्दै आएको थियो । घटना घरायसी विवादका कारण हुन पुगेको बताइए पनि प्रहरीले स्पष्ट कारण नखुलेको बताएको छ । राहुलले भाउजुको हत्या र दाइ रूपेशमाथि खुकुरी प्रहार गरेको स्वीकार गरेको डिएसपी अर्यालले जानकारी दिए ।

# मकवानपुरमा १६ ओभिओटी प्राविधिक, ५ पालिकामा शुन्य




◆ विकास संवाददाता

मकवानपुर जिल्लाका १० स्थानीय तहमा संघीय सरकारबाट १६ जना कृषि तथा पशुपन्छी प्राविधिक कार्यरत रहेको जनाइएको छ । कृषि तथा पशुपन्छी मन्त्रालयले नामावलीसहित सार्वजनिक गरेको विवरणमा उक्त तथ्याङ्क उल्लेख गरिएको छ । संघीय सरकारको सशर्त अनुदान साँझेदारीबाट स्थानीय तहबाट तलब भत्ता भुक्तानी हुने गरी प्राविधकहरूले काम गर्दै आएका छन् ।

जिल्लाका दश पालिकाहरूमा ४ जना पशु प्राविधिक र बाँकी १२ जना कृषितर्फका प्राविधिक रहेको मन्त्रालयको अभिलेख छ । जिल्लाको ५ स्थानीय तहमा भने 'एक गाउँ, एक प्राविधिक' (ओभिओटी) नै नभएको सार्वजनिक विवरणमा उल्लेख गरिएको छ । मकवानपुरको राक्सिराङ गाउँपालिका, मनहरी, मकवानपुरगढी तथा बागमती गाउँपालिका र हेटौंडा उपमहानगरपालिकामा 'एक गाउँ, एक प्राविधिक' नभएको मन्त्रालयको सार्वजनिक तथ्याङ्कमा उल्लेख छ । मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा कृषि र पशुका १/१ जना प्राविधिक संघीय सरकारको सशर्त अनुदान साँझेदारीमा कार्यरत छन् । थाहा नगरपालिकामा दुई कृषि प्राविधिक कार्यरत छन् । कैलाश गाउँपालिकामा ३ जना कृषि प्राविधिक, भीमफेदीमा २ पशु प्राविधिक र ३ कृषि प्राविधिक कार्यरत छन् भने बकैया गाउँपालिकामा ३ कृषि र १ पशु प्राविधिक कार्यरत छन् ।

नेपाल सरकारले किसानहरू समक्ष कृषि र पशु सम्बन्धी आधारभूत प्राविधिक सेवा सहजै पुऱ्याउने उद्देश्यले वि.सं. २०७३ सालमा एक गाउँ एक प्राविधिक सेवा व्यवस्थापन कार्यविधि अनुसार कृषि र पशु प्राविधिकहरूको नियुक्ति गरेको थियो । ति प्राविधिकहरू संघीयता कार्यान्वयनसंगै पालिकाहरूमा समायोजन भएका छन् ।

तत्कालिन जिल्ला कृषि तथा पशु विकास कार्यलयहरू अन्तर्गत रहने गरी साविक गाविस कार्य क्षेत्र तोकिएको प्राविधिकहरू कार्यक्षेत्रकै साविक गाविसमा रहने गरी गाभिएको पालिका अन्तर्गत कार्यरत छन् । उनीहरूको तलब भत्तामा संघीय सरकारले साँझेदारी गर्दै आएको छ ।

# बकैयाको धेत्रेदमारको सिमात खोलामा झोलङ्गे पुल निर्माण



◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिका वडा नं. १२ धेत्रेदमारको सिमात खोलामा झोलङ्गे पुल निर्माण भएपछि विद्यालय आवतजावत सहज भएको छ । बर्खायामको समयमा पुल नहुँदा सिमात खोलामा जोखिमपूर्ण आवतजावत गर्नुपर्ने बाध्यता हटेपछि काला भैरव प्राथमिक विद्यालयका अभिभावक, शिक्षक, विद्यार्थी खुसी भएका हुन् ।

बकैया गाउँपालिकाको प्राविधिक, चाइल्ड रेसक्यू नेपालको आर्थिक सहयोग र इस्थर बेन्जामिन स्मृति संस्थाको साझेदारीमा निर्माण भएको झोलङ्गे पुलको एक कार्यक्रमका बिच समुद्घाटन गरिएको छ । ९० मिटर लम्बाई रहेको लुईस वान्स् स्मृति झोलङ्गे पुल ४० लाख लागतमा निर्माण गरिएको हो । झोलङ्गे पुलको बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्त बहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, चाईल्ड रेस्क्यू नेपालका कार्यकारी निर्देशक जो बेगा, बकैया गाउँपालिका १२ नं. वडा अध्यक्ष ज्ञानेन्द्र बजगाईं र ईस्थर बेन्जामिन स्मृति संस्थाका उपाध्यक्ष उमा तिमल्सिनाले संयुक्त रूपमा समुद्घाटन गरेका हुन् ।

बकैया गाउँपालिका १२ नं. वडा कार्यालयको आयोजनामा भएको कार्यक्रममा बोल्नुहुँदै पालिका अध्यक्ष लामिछानेले बकैयामा इस्थर बेन्जामिन स्मृति संस्थाले विद्यालय भवन, शौचालयका साथै पुल पनि निर्माण गरिदिएकोमा धन्यवाद दिनुभयो । उहाँले शैक्षिक क्षेत्रमा संस्थाले गरेको लगानी प्रशंसा योग्य रहेको बताए । बर्खाको समयमा सिमात खोलामा बाढी आउँदा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, कार्यालय सहयोगी र प्रधानाध्यापक मिलेर विद्यार्थीलाई खोलावारि बाट तारेर पारि लैजाने र विद्यालय बन्द भएपछि पुनः खोला तारेर घर पठाउनुपर्ने बाध्यता हटेको छ ।

सिमात खोलामा झोलङ्गे पुल निर्माण भएपछि यहाँका स्थानीय पूर्णबहादुर गोले, विजय घिसिङ, कृष्ण कुमार गोले लगायतका अभिभावकले अब बर्खामा पनि ढुक्कसँग छोराछोरी विद्यालय पठाउन सक्ने वातावरण बनेकोमा खुसी व्यक्त गरे । २०७२ सालको भूकम्पबाट जीर्ण बनेको विद्यालय भवन समेत पुल निर्माण गरिदिएको संस्थाले नै गरिदिएको हो । पक्की विद्यालय भवन र आवतजावत गर्न सिमात खोलामा झोलङ्गे पुल निर्माण भएपछि विद्यार्थी, अभिभावक सबैको अनुहारमा खुसी पनि छाएको छ । सहयोग गर्ने संस्थालाई यहाँका स्थानीयवासीले धन्यवाद समेत दिए ।

कक्षा तीनसम्म अध्यापन हुने यस विद्यालयमा २० जना विद्यार्थी अध्ययनरत रहनुभएको विद्यालयका प्रधानाध्यापक चेतबहादुर घलेले जानकारी दिए ।

## थाहा नगरपालिका
### विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर

## अत्यन्त जरुरी सूचना !

**आगो एक असल नोकर हो भने खराब मालिक । आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ । हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ । यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ । सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ । आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो । त्यसैले सावधान रहौ ।**

### डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरू:

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरु बालबालिकाहरुबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, म ीतेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं ।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा राँको बालेर नहिंडौं ।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याऔं ।
६) वन क्षेत्रमा मानिसहरु हिंड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर (कसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरुलाई हटाई सफा राखौं ।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं । आकस्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
(८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपदबाट बचौं र बचाऔं ।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं । आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं ।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं ।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

**विपद हटलाइन नम्बर:**
**९७०४१२५७५७ र ९७६७५७०९००**

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# एसईई दिएका विद्यार्थीलाई 'करिअर काउन्सिलिङ'



◆ विकास संवाददाता

माध्यमिक शिक्षा परीक्षा (एसईई) दिएर बसेका विद्यार्थीलाई 'करियर काउन्सिलिङ' कार्यक्रम गरेको छ। थाहा नगरपालिकाको आयोजनामा १७ चैत्रमा पालुङ जेसिज हलमा एक कार्यक्रमको आयोजना गरी विद्यार्थीहरूलाई काउन्सिलिङ गरिएको हो ।

कार्यक्रमको उद्घाान गर्दै थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले विद्यार्थीहरूलाई अहिलेदेखि नै मेहनत गरे जीवनमा सक्षम र सफल हुन सकिने भन्दै आफूलाई चिन्न आग्रह गरे। प्रधानले पारिवारिक दबाब भन्दा पनि आफ्नो क्षमता र आफ्नो इच्छाअनुसारको विषय छनोट गर्न आग्रह गरेका थिए। कार्यक्रममा थाहा नगर पालिकाका शिक्षा संयोजक राजनभक्त श्रेष्ठले शिक्षक र अभिभावकबीचको सहकार्य र समन्वयले नै विद्यार्थीलाई सधैं ऊर्जावान् र सक्रिय बनाउने बिचार राख्दै विद्यार्थीका लागि अभिभावकको भूमिका अतुलनीय हुने कुरामा जोड दिए। कार्यक्रममा एस ई ई दिएर बसेका थाहाका १६ वटा संस्थागत तथा सामुदायिक विद्यालयका २ सय विद्यार्थीलाई मोटिभेसनल स्पिकर विश्व रमण न्यौपानेले सहभागीहरूलाई जीवन उपयोगी शिक्षा, आगामी दिनको तयारी र परीक्षा नतिजालाई कसरी लिने भन्ने विषयमा व्यावहारिक तालिम प्रदान गरेका थिए। कार्यक्रमले विद्यार्थीहरूको मनोबल बढाउने आशा लिएको महिला, बालबालिका शाखाकी शाखा प्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् ।

महिला तथा बालबालिका समिती संयोजक अनिता बलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुरेन्द्र प्रधानको प्रमुख आतिथ्यता तथा थाहा नगरपालिका शिक्षा समिती संयोजक राजनभक्त श्रेष्ठको बिशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रममा थाहा नगरपालिकाका शिक्षा शाखा प्रमुख माधव बिक्रम मल्ल,शिक्षक महासंघ थाहाका अध्यक्ष राजाराम कार्की, प्याव्सन थाहा नगर अध्यक्ष सुरेन्द्रमान प्रधान, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबू अर्याल, जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्कीलगायत शिक्षक, विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

# थाहानगरमा नसर्ने रोग सम्बन्धी अभिमुखीकरण

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका जनप्रतिनिधि र सरोकारवालालाई शहरी स्वास्थ्य कार्यक्रम अन्तर्गत एक दिने नसर्ने रोग सम्बन्धी जनचेतनामुलक अभिमुखीकरण गरेको छ । जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा अभिमुखीकरण कार्यक्रम गरि एको हो ।

कार्यक्रमका सहभागीहरूलाई जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण बहादुर मिजारले सहजीकरण गरेका थिए । सो क्रममा प्रमुख मिजारले व्यक्ति हुँदै परिवार र समाजमै नसर्ने रोग बारे जनचेतना जगाउन आवश्यक रहेको औंल्याए। यसका लागि स्थानीय सरकारको भूमिका अतुलनीय हुने उनकने भनाइ छ। बागमती प्रदेशले सञ्चालन गरेको मुख्यमन्त्री स्वास्थ्य कार्यक्रम मार्फत नागरिकलाई स्वास्थ्य क्षेत्रमा लाभ मिलेको मिजारको भनाइ थियो ।

कार्यक्रममा थाहा नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख मेघराज बलामीले पहिले सर्ने रोगहरूलाई मात्र प्राथमिकतामा राखी अभिलेख राख्दै आएको भएपनि अहिले सरकारले नसर्ने रोगको बारेमा जनचेतना दिइरहेको जानकारी दिए ।



नसर्ने रोग अन्तर्गत मुटु, रोग, मधुमेह, क्यान्सर तथा श्वासप्रश्वास रोगहरू पर्ने स्वास्थ शाखा प्रमुख बलामीले जानकारी दिए । स्वास्थकर्मी तथा सरोकारवालाहरूलाई व्यवहारिक ज्ञान दिनको लागि आयोजना गरिएको कार्यक्रममा विश्वभरमा ८० प्रतिशत मानिसहरूको मृत्यु नसर्ने रोगबाट हुने गरेको तथ्यांक रहेको रहेको जनस्वास्थ्य प्रमुख मिजारले बताए ।

संघीय सरकारले शहरी स्वास्थ्य कार्यक्रम शुरूवात गरेको तीन वर्ष भएको र यो अन्तिम वर्ष भएकोले अब स्थानीय तह र स्वास्थ्य संस्थाहारूलाई कार्यक्रम हस्तान्तरण सहित शहरी स्वास्थ्य कार्यक्रमलाई स्थानीय स्वास्थ्य प्रणालीमा समाहित हुने मिजारले उल्लेख गरे ।

अभिमुखिकरण कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत दिलेन्द्र बुढा मगर, लक्ष्मण घिमिरे, खोप तथा बालस्वास्थ्य फोकल पर्सन बासुदेव रिमाल थाहा नगरपालिका भित्र रहेका ७ वटा शहरी स्वास्थ्य संस्थाका प्रमुखहरू, महिला स्वास्थ्य स्वयंसेविकाहरू, जनप्रतिनिधि, स्थानीय युवा क्लवका प्रतिनिधि, संचारकर्मी, स्वास्थ्यकर्मी लगायतका सहभागी रहेको थियो ।

# इन्द्रसरोवरको डिजिटल बोर्ड ह्याकः 'राजा आउँ देश बचाउ'




◆ विकास संवाददाता

मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकाको डिजिटल बोर्ड ह्याक गरी 'राजा आउँ देश बचाउ' भन्ने सन्देश लेखी प्रसारण गरिएको छ। गाउँपालिकाले एक विज्ञप्ति जारी गर्दै उक्त सन्देश कार्यालयबाट प्रसारण नगरिएको स्पष्ट पारेको छ ।

गाउँपालिकाको विज्ञप्ति अनुसार, २०८१ साल चैत्र १७ गते दिउँसो करिब २:३० बजे कार्यालयको डिजिटल बोर्डमा अनधिकृत पहुँच पुर्याई (ह्याक) गरेर उक्त सन्देश प्रवाह गरिएको जनाएको छ । पालिकाले यस घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ र यसलाई गैरकानूनी क्रियाकलापको रूपमा व्याख्या गर्दै दोषी उपर आवश्यक अनुसन्धान गरी कानूनी कारबाहीको माग समेत गरेको छ ।

गाउँपालिकाले सर्वसाधारणलाई उक्त सन्देशको भ्रममा नपर्न आग्रह गर्दै घटनाको छानबिन भइरहेको जानकारी दिएको छ। ह्याकिङको पछाडि को वा कुन समूह संलग्न छ भन्ने विषयमा हालसम्म खुलेको छैन ।

# जनमुखी ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रलाई टेलिभिजन प्रदान



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको शिखरकोटमा शाखा रहेको नाडेप लघुवित्त वित्तीय संस्थाले जनमुखी ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रलाई टेलिभिजन प्रदान गरेको छ । संस्थाले एक कार्यक्रमको आयोजना गरी केन्द्रलाई १७ चैत्रमा ४३ इन्चको टेलिभिजन प्रदान गरेको हो ।

संस्थाले आफ्नो सामाजिक उत्तर दायित्व कार्यक्रम अन्तर्गत शिखरकोटको चुनिस्थानमा रहेको दिवा सेवा केन्द्रलाई टेलिभिजन प्रदान गरेको संस्थाका शाखा प्रमुख उज्वल बास्कोटाले जानकारी दिए। संस्थाले वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझी मार्फत जेष्ठ नागरीक दिवा सेवा केन्द्रका जेष्ठ नागरिकहरूलाई टेलिभिजन हस्तान्तरण गरेका हुन् ।

वडा नम्बर ३ का अध्यक्ष रायमाझीको पहलमा संचालित जेष्ठ नागरिक दिवा सेवा केन्द्रलाई संचालन गर्नको निम्ति मनहकारीहरूले सहयोग गरिरहेका छन्। नाडेपले गरेको सहयोगप्रति ज्येष्ठ नागरिकहरूले धन्यवाद ज्ञापन गरेका छन्। सेवा केन्द्रमा बस्दा टिभिमा खबर र मनोरञ्जनका गितहरू समेत हेर्न र सुन्न पाउने भएपछि उनीहरूले खुशी व्यक्त गरेका छन् ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
3. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



# आन्तरिक बसाइसराइमा बागमती प्रदेश अग्रस्थानमा

◆ विकास संवाददाता

बागमती प्रदेशमा आन्तरिक बसाइसराइ गर्नेहरूको सख्या पछिल्लो समयमा बढेको छ। अरू प्रदेशको तुलनामा यस प्रदेशमा आन्तरिक बसाइ सराइ गर्नेहरूको सख्या बढेको हो । बिशेषगरी पहाडी क्षेत्रबाट समथल भागमा र शहरी क्षेत्रमा बसाइ सर्नेहरू निकै बढेका छन् ।

५० वर्षमा हिमाली क्षेत्रका बसाइँ सरी जाने संख्या ८ गुणाभन्दा बढी देखाएको छ। २०२८ सालमा ९ हजार ६९८ जनाले हिमाली क्षेत्र छाडेको पाइएको थियो भने २०७८ मा यो संख्या ७५ हजार ५४२ रहेको पाइयो।२०७८ को जनगणना अनुसार २१ लाख ४२ हजार ३६३ जनाले एक प्रदेशबाट अर्को प्रदेशमा बसाइँसराइ गरेका छन् ।




बसाइँ सरी आउने जनसंख्याको चाप वा आकर्षण सबैभन्दा बढी बागमती प्रदेशमा रहेको पाइएको छ । त्यसमा पनि काठमाडौँ, भक्तपुर र ललितपुर जिल्ला सबैभन्दा अगाडि छन्। काठमाडौँ उपत्यकामा कुल जनसंख्याको आधाभन्दा बढी बसाइँ सरी आएको छ । जिल्लागत रूपमा हेर्दा काठमाडौँमा ५७ दशमलव २, भक्तपुर ५० दशलमव २ र ललितपुर मा ४६ दशमलव २ प्रतिशत जनसंख्या बसाइँ सराइबाट आएको छ ।

विवाह, कामको अवसर आदिका कारण आन्तरिक बसाइँसराइ बढेको प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव चूडामणि पौडेलले तथ्यांकले तराई क्षेत्रमा बढ्दो बसाइँसराइ रोक्न र पूर्वाधार विकासमा सरकारको लगानीका बारेका सोच्न बाध्य बनाएको बताएका छन् । प्रतिवेदनले कार्ययोजना, नीति बनाउन र समस्या भएका क्षेत्र पहिचान गर्न सहयोग गर्ने उनको भनाइ छ ।

यस्तै प्रतिवेदनले आगामी ३० वर्षमा अर्थात् २१०८ सम्ममा नेपालको जनसंख्या ३ करोड ३५ लाख पुग्ने आकलन गरेको छ । जनसंख्या वृद्धिदर शून्य दशमलव ३९ देखि शून्य दशमलव ६४ प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको छ । अब आश्रित जनसंख्या बढ्ने, उमेरअनुसार प्रजननदरमा कमी आउने र बच्चा जन्माउने उमेर ढिलो हुँदै जाने प्रक्षेपण गरिएको छ । परिणाम स्वरूप, विदेशिएको मध्ये नेपाल फर्किनेको संख्या बढ्ने र पलायन हुने जनसंख्यामा कमी आउन सक्ने प्रतिवेदनमा औँल्याइएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पाँच विषयगत प्रतिवेदन मंगलबार सार्वजनिक गरेको हो । प्रजनन् स्थिति, आन्तरिक र अन्तर्राष्ट्रिय बसाइँसराइ, जनसांख्यिक लाभांश र आगामी ३० वर्षको जनसंख्याको प्रक्षेपण गरेको प्रतिवेदन कार्यालयले सार्वजनिक गरेको हो ।


## बालमैत्री स्थानीय शासन: हेटौंडा उपमहानगरपालिकाको अभियान

### आदरणीय नगरबासिहरुमा हेटौंडा उपमहानगरपालिकाको अनुरोध

भविष्यका कर्णधार बालबालिकालाई सुरक्षित, स्वस्थ, र समृद्ध वातावरण प्रदान गर्नु हाम्रो कर्तव्य हो। बालबालिकाहरुको सर्वाणिङ्ग विकासका लागि सुरक्षित, समावेशी र अनुकुल वातावरणको श्रृजना गर्ने प्रतिबद्दताका साथ हेटौंडा उपमहानगरपालिका बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिकाको रुपमा घोषणा भईसकेकोमा यस्को दिगोपनाको लागि सबै शैक्षिक संस्था, संघसंस्था, टोल विकास संस्था लगायत सम्पूर्ण नगरबासीहरुको साथ र सहयोगको अपेक्षा गर्दछौ।

**बालमैत्री स्थानीय शासनको दिगोपनाको लागि हेटौंडा उपमहानगरपालिकाको आवहान:**

* एक वर्ष भित्रका आफना बालबालिकालाई नेपाल सरकारले तोकेका सवै र पूर्ण खोप प्रदान गरौ।
* पौष्टिक आहार, स्वच्छ पानी, र स्वास्थ्य सेवा सबै बालबालिकाका लागि अनिवार्य बनाऔं।
* बालश्रम, दुर्व्यवहार र हिंसाविरुद्ध आवाज उठाऔं।
* गुणस्तरीय र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गरौं। बालबालिकालाई अनिवार्य विधालय भर्ना गरौ।
* १८ वर्ष मूनिका बालबालिकाहरुलाई धुम्रपान, मद्यपान तथा सुर्तिजन्य पदार्थको विक्रि वितरणमा प्रयोग नगरौ। विद्यालयको १०० मिटर वरिपरि यस्ता सामाग्रिहरुको विक्रि वितरणमा रोक लगाऔ।

यदि समुदाय तथा टोलमा बाल विवाह, बालश्रम, बालबालिका माथि दुर्व्यवहार, बाल हिंसा, सडक बालबलिका साथै संरक्षण विहिन र जोखिममा परेका बालबालिका देखिएमा हेटौंडा उपमहानगरपालिका वा बाल हेल्प लाईनको पैसा नलाग्ने फोन १०९८ मा जानकारी गराउनु हुन अनुरोध छ।



## पानीका स्रोतको संरक्षण गरौं !

- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## नि:शुल्क पशु स्वास्थ्य शिविर सम्बन्धी सूचना !

यस थाहा थाहा नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **एक दिने नि:शुल्क पशु स्वास्थ्य शिविर** कार्यक्रम तपसिलको मिति, समय र स्थानमा संचालन हुने भएकोले आफ्नो पशुहरुलाई ल्याई नि:शुल्क रुपमा उपचार तथा औषधि लिनु हुन सम्पूर्ण पशुपालक किसानहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

**मिति** : २०८१ चैत २६ गते
**स्थान** : वडा नं. ७ को लागि देउखेल,
वडा नं. ८ को लागि लामिचौर, बाहुनगाउँ र देवीस्थान
**मिति** : २०८१ चैत २७ गते, **स्थान** : वडा नं. १२ को लागि जगडाँडा

विहान १० बजेदेखि बेलुकी ४ बजेसम्म

**शिविरका सेवाहरु**

- पशुहरुको गोबर परीक्षण तथा उपचार,
- पिपिआर तथा रेबिज खोप सेवा,
- बोका, राँगा, साँढेको स्थायी बन्ध्याकरण,
- गाई/भैसीमा कृतिम गर्भधान सेवा,
- बाँझोपन निवारण सेवा,
- आन्तरिक तथा बाहिृय परजीवी उपाचार सेवा,
- पशुपंक्षीहरुको उपचार तथा पशुपालन सम्बन्धी परामर्श सेवा ।

सम्पर्क: ९८४३८२७८०३, ९८६५५०१८०१

**थाहा नगरपालिका**
पशु विकास शाखा
इन्द्रायणी चौर मकवानपुर






● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी